तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९) तिलोत्तमा,  असोज महिना २१ गते २०८२ साल (संख्या ६

## भाग : २
## तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगरपालिकाको कार्यपालिका बैठकले तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ मा देहाय बमोजिम हुनेगरि तेस्रो संशोधन गरेको हुँदा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्बत् २०८२ सालको नियमावली नं.१

**नियमावलीको नाम : तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली-२०७६ (तेस्रो संशोधन)**

**प्रस्तावना :** तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ मा केही संशोधन गर्न आवश्यक देखिएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ को उपदफा २ बमोजिम तिलोत्तमा नगरपालिकाको २०८२/०६/१० गतेको कार्यपालिकाको बैठकबाट यो नियमावली स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

   क. यस नियमावलीको नाम" तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ (तेस्रो संशोधन)" रहेको छ ।

ख. यो नियमावली कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट तिलोत्तमा नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. **तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ मा संशोधनः** मूल नियमावलीको नियम १३८ को उपनियम (१) मा संशोधन गरि देहायको नियम १, नियम १क र नियम १ख कायम गरिएको छ।

१) प्रचलित कानून बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवा शुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

१क) आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तीन वर्षसम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

१ख) तिन वर्ष भन्दा बढी अवधिका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने विशेष प्रकृतिका आय ठेक्काको हकमा कार्यपालिकाले निर्णय गरि बढीमा पन्ध वर्ष सम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०८२/०६/२१ गते**

**(खुमलाल भुसाल)**
**प्रमुख प्रशासकीय अधिकृत**